# इयान मार्टिन
# नेपालस्थित राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि

## मधेशी महिलाहरूको राष्ट्रिय सम्मेलनलाई सम्बोधन
## चितवन ३२ साउन २०६४ (१७ अगस्ट २००७)

## महिला र राजनीति केन्द्रद्वारा आयोजित

आज तपाईंहरूसमक्ष चितवनमा उपस्थित हुन पाएकोमा म धेरै खुशी छु। लोकतान्त्रिक प्रक्रियाद्वारा संविधानसभा चुनावको तयारी गर्ने र नेपालमा व्यापक लोकतान्त्रिक परिवर्तन ल्याउने सन्दर्भमा तपाईंहरूको भेलाको विशेष महत्व रहेको छ। यस सम्मेलनको उद्देश्यअनुरूप संविधानसभा चुनाव र संविधान निर्माणमा मधेशी महिलाहरूको राजनीतिक सहभागिता र समावेशीकरण सुदृढ गर्न सकेमा त्यसले शान्ति प्रक्रियामा ठूलो योगदान पुऱ्याउनेछ। यस महत्वपूर्ण सम्मेलनको आयोजक महिला र राजनीति केन्द्रका साथै सबै सहभागीलाई म बधाई दिन चाहन्छु।

अन्मिनको स्थापना अगावै माघ (जनवरी) मा महासचिव बान कि-मूनले सुरक्षा परिषद्लाई जानकारी दिंदै भन्नुभएको थियोः "नेपालले शान्ति प्रक्रिया एवं चुनावमा र संविधानसभाबारे विचार-विमर्शमा परम्परादेखि सिमान्तीकृत वर्गहरूलाई साँचो अर्थमा समावेश गर्न नसकेमा देशले जनताको शक्ति र क्षमताको उपयोग गर्ने र द्वन्द्वका केही मूल कारणहरूलाई सम्बोधन गर्ने महत्वपूर्ण अवसर गुमाउनेछ।" अन्मिनको स्थापना गर्दा सुरक्षा परिषद्ले "विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएबमोजिम शान्ति प्रक्रियामा महिला, बालबालिका र परम्परादेखि सिमान्तीकृत वर्गका आवश्यकताबारे विशेष ध्यान पुऱ्याउनु पर्ने" कुरालाई मान्यता दिएको थियो।

सन् २००० सालमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले आफ्नो निर्णय १३२५ पारित गऱ्यो। राष्ट्रसंघको इतिहासमै यो पहिलो निर्णय थियो जसले महिला र बालिकाहरूमा सशस्त्र द्वन्द्वको फरक असर, द्वन्द्वको समाधान र शान्ति स्थापनामा महिलाहरूको योगदान र मुख्यतः संविधान, निर्वाचन प्रणाली, प्रहरी र न्यायपालिकामा उनीहरूको आवश्यकतालाई मान्यता दिएको थियो।

उक्त निर्णय लैंगिक समानता र राजनीति र राजनीतिक प्रक्रियामा महिलाको सहभागिताका लागि दृढ रहने राष्ट्रसंघको प्रतिबद्धतामा आधारित थियो। यो प्रतिबद्धता सन् १९९५ को बेजिङ महिला सम्मेलनमा र त्यहाँ भएको सहमतिअनुसार बनेको 'सक्रियताको लागि मञ्च' (प्लेटफर्म् फर एक्शन) मा जाहेर भएको थियो। संयुक्त राष्ट्रसंघको पुरानो सदस्य राष्ट्र भएको नाताले नेपाल आफ्नो शान्ति प्रक्रियामा निर्णय १३२५ कार्यान्वयन गर्न जिम्मेवार छ।

संविधानसभा चुनावले शान्ति प्रक्रियामा महिला वर्गको योगदानलाई सहयोग पुऱ्याउन र मान्यता दिन विशेष उत्तरदायित्व र विशेष मौका दुवै प्रदान गर्दछ। संविधानसभा चुनावको निर्वाचन प्रणालीले राजनीतिक दलहरूलाई आ-आफ्नो सूचीमा परम्परादेखि सिमान्तीकृत वर्ग, अल्पसंख्यक वर्ग एवं महिलाका हकमा समावेशी हुने विशेष जिम्मेवारी दिएको छ। संविधानसभा चुनाव र शान्ति-निर्माण तथा लोकतान्त्रिक परिवर्तनका अन्य सबै पक्षहरूमा महिलाको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न राजनीतिक दलहरूले यो जिम्मेवारीलाई आत्मसात गर्दै निभाउन आवश्यक छ। अर्थपूर्ण सहभागिता त्यसलाई मान्नुपर्छ जसमा महिलाहरूले मौन पात्र मात्र नबनी अरूले जस्तै स्वतन्त्ररूपमा आफ्ना विचार अभिव्यक्त गर्न सक्छन्। यसको अर्थ यो पनि हो कि महिलाको प्रतिनिधित्वले नेपालका विभिन्न जातजाति र क्षेत्रका महिलाहरूलाई समावेश गर्नुपर्छ।

सार्वजनिक जीवनमा सहभागी हुनका लागि मधेशीलगायत सबै समुदायका महिलाहरूले चुनौतीको सामना गर्नुपरेको छ। राष्ट्रिय तथा स्थानीयस्तरको राजनीतिक जीवनमा मधेशी महिलाहरूले सक्रिय भूमिका खेल्न र नेपालको लोकतान्त्रिकरण प्रक्रियाका सबै किसिमका निर्णायक तहमा उनीहरूको प्रभावशाली प्रतिनिधित्व सुनिश्चित गर्नका लागि राजनैतिक दल, संस्था र सामुदायिक समूहहरूले यस्ता चुनौतीको संबोधन गर्नु आवश्यक छ। सार्वजनिक जीवनमा मधेशी महिलाहरूको प्रतिनिधित्व गराउँदा मधेशी समुदायभित्रकै दलित र अन्य पिछडिएका वर्गका महिलाहरूलाई समावेश गराउन पनि आवश्यक छ।

शान्ति प्रक्रियालाई सघाउन अन्मिन तीनवटा कुरामा केन्द्रित रहेर काम गर्छः हतियार तथा सेना व्यवस्थापनको अनुगमन गर्ने, निर्वाचन आयोगलाई संविधानसभा चुनावको योजना, तयारी एवं संचालनमा सहयोग गर्ने र निर्वाचनको लागि स्वतन्त्र तथा निष्पक्ष वातावरण बनाउन युद्धविरामको अनुगमनमा सहयोग गर्ने। अन्मिनको कार्यादेश निर्धारण गर्दा सुरक्षा परिषद्ले विस्तृत शान्ति सम्झौता सम्बद्ध दलहरूको प्रतिबद्धता र सुरक्षा परिषद्को निर्णय १३२५ को उद्देश्यअनुरूप शान्ति प्रक्रियामा महिला र परम्परादेखि सिमान्तीकृत वर्गका आवश्यकताबारे विशेष ध्यान पुऱ्याउनुपर्ने कुरामा जोड दिएको थियो। अन्मिनका सबै प्रयासहरूले यस परिप्रेक्ष र आवश्यकतालाई सम्बोधन गरेको सुनिश्चत गर्न अन्मिनको हरेक क्षेत्रीय कार्यालयमा एक लैङ्गिक सल्लाहकार र एक सामाजिक मामिला सल्लाहकार खटाइनेछ।

यस अलावा नेपालका महिला तथा परम्परादेखि सिमान्तीकृत वर्गलगायत सबैको मानवअधिकार रक्षार्थ नेपालस्थित मानवअधिकार उच्चायुक्त कार्यालयको मानवअधिकार अवस्था अनुगमन गर्ने कडा कार्यादेश रहेको छ। मानवअधिकारका लागि उच्चायुक्त लुइस आर्वरले यसै सालको नेपाल भ्रमणमा नेपालमा महिलाहरूलाई, विशेषगरी यौन हिंसाबाट पिडित महिलाहरूलाई, न्याय प्रणालीमार्फत् आफ्ना अधिकारको रक्षा वा क्षतिपूर्ति पाउन कठिन भएको कुराप्रति ध्यानाकर्षण गराउनुभयो। नेपाली महिलाहरूले न्यायको खोजी गर्दा “सामाजिक निन्दा, सहयोग संयन्त्र, संरक्षण र कानुनी सहयोग प्रणालीको अभाव, अनुसन्धानको कमि र दोषीले उपभोग गर्ने दण्डहीनता” जस्ता चुनौतीहरूको सामना गर्नुपरेको कुरा उहाँले औंल्याउनुभयो। राष्ट्रसंघले यी चुनौतीहरूको समाधान गर्न जतिसक्दो प्रयास गर्नुपर्छ तर नेपाली समाजका सबै तहका निर्णायक अङ्गहरूमा आवश्यक संख्यामा महिलाको प्रतिनिधित्व गराउनु नै यसका लागि सबैभन्दा प्रभावकारी हुनेछ।

अनुकूल वातावरणमा निर्वाचन गराउन अझै पनि गम्भीर चुनौतीहरू बाँकी छन्। निश्चय नै तराईका बीस जिल्लाबाट आउनुभएका यहाँका महिला सहभागीहरूले दिनहुँ यस्ता चुनौतीहरूको सामना गर्नुपरेको छ। निर्वाचन प्रणालीले ऐतिहासिक रूपमा सिमान्तीकृत मधेशी, जनजाति, दलित, महिलालगायत अन्य वर्गको प्रतिनिधित्वका जायज मागहरूलाई संबोधन गर्ने कुरामा उनीहरूलाई वार्तामार्फत् विश्वस्त तुल्याउनुपर्ने कुरामा अन्मिन र राष्ट्रसंघीय महासचिव समेतले बारम्बार जोड दिँदै आएका छन्। गत साता जनजातिका प्रतिनिधिहरू र सरकारबीच भएको वार्ताको सकारात्मक परिणामलाई मैले स्वागत गरें। संविधानसभा चुनावको तयारीलाई अघि बढाउनका लागि मधेशी प्रतिनिधिहरू र सरकारबीच निर्वाचन प्रणालीसम्बन्धी हाल जारी वार्तालाई सकारात्मक निष्कर्षमा पुऱ्याउनु अपरिहार्य छ। यस्तो वार्ता मुख्यतः पूर्वी तराईमा सार्वजनिक सुरक्षा सुनिश्चित गर्नका लागि पनि आवश्यक छ। सबै जिल्ला र गाउँमा निर्वाचनको लागि सार्वजनिक सुरक्षा र अनुकूल वातावरण सिर्जना गर्न प्रभावकारी प्रहरी परिचालनमात्र पर्याप्त छैन। त्यसका लागि काठमाडौंमा मात्र नभई स्थानीय तहमा राजनीतिक सहकार्य अझ आवश्यक भएको कुरा धेरै राजनीतिक दलका नेताहरूले स्वीकारेका छन् र म यसको स्वागत गर्दछु। सबै दलले - म दोहोऱ्याउँछु, आठ दलले मात्र होइन, *सबै* दलले - धम्की र हिंसामुक्त वातावरणमा आ-आफ्ना क्रियाकलाप संचालन गर्न पाउनका लागि नेपाली समाजको सबै तहमा हुने यस किसिमको राजनीतिक सहकार्यमा मधेशीलगायत सबै महिलाको महत्वपूर्ण भूमिका रहेको छ।

संविधानसभा चुनाव र संविधान निर्माणमा मधेशी महिलाको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चत गर्ने लक्ष्य एक महत्वपूर्ण लक्ष्य हो। यसले शान्ति प्रक्रिया र नेपालमा दिगो शान्ति र लोकतन्त्र कायम गर्नमा ठूलो योगदान पुऱ्याउने छ। यस सम्मेलनमार्फत् उठाइएको यो महत्वपूर्ण अग्रगामी कदमको लागि म फेरि पनि तपाईंहरूलाई बधाई दिन चाहन्छु।

धन्यवाद।